बैठक संख्याः ७९

आज मिति २०८३ साल असार ०५ गते शुक्रबार दिनको २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभ लक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री सुभद्रा वजगाईं | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २० | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २१ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २२ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २३ | सदस्य | श्री रवीन्द्र सुनार | उपस्थित |
| २४ | सचिव (प्र.प्र.अ.) | श्री उर्मिला काफ्ले | उपस्थित |

प्रमुख प्रशासकीय अधिकृत

-:: छलफलका विषयहरू ::-

१) बनेपा नगरपालिका नगरसभाको १८ औं अधिवेशन सम्बन्धमा ।

२) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक सम्बन्धमा।

३) बनेपा नगरपालिकाको मध्यकालीन खर्च संरचना तर्जुमा सम्बन्धमा।

४) आर्थिक वर्ष २०८२/२०८३ को LGPAS सम्बन्धमा।

५) योजनाहरूको म्याद थप सम्बन्धमा ।

६) नगरक्षेत्रभित्र रहेका खानेपानीका श्रोतहरू व्यवस्थित गर्ने सम्बन्धमा।

७) नगरकोट टावर क्षेत्रमा रहेका पसलहरूको व्यवस्थापन सम्बन्धमा।

-:: निर्णयहरू ::-

निर्णय नं. १

आगामी आ.व. २०८३/०८४ का लागि विषयगत समिति तथा शाखाहरूबाट प्राप्त नीति तथा कार्यक्रमहरू, आर्थिक विधयेक तथा क्षेत्रगत बजेट सिलिङ उपर छलफल गरियो।

निर्णय नं. २

मिति २०८३ साल असार ४ गते बिहिबार बनेपा नगरपालिका विधायन समिति बैठकद्वारा सिफारिस बनेपा नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३ उपर छलफल गरियो।

निर्णय नं. ३

बनेपा नगरपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि देहाय बमोजिम सदस्यहरू रहने गरी मध्यमकालीन खर्च संरचना तर्जुमा समिति गठन गर्ने।

<u>देहायः</u>

- संयोजकः प्रमुख प्रशासकीय अधिकृत
- सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख
- सदस्यः प्रशासन शाखा प्रमुख
- सदस्यः सूचना प्रविधि शाखा प्रमुख
- सदस्यः वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख
- सदस्यः सम्बन्धित विषय विज्ञ
- सदस्य सचिवः योजना शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ बमोजिम सूचना प्रविधिमा आधारित स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली ( Local Governance Performance Assessment System: LGPAS) मा आर्थिक वर्ष २०८२/०८३ को विभिन्न विषयगत क्षेत्र तथा उपक्षेत्रहरूको विवरण प्रविष्टि गरी जिल्ला समन्वय समितिलाई पृष्ठपोषणका लागि पठाउने।

निर्णय नं. ५

आर्थिक वर्ष २०८२/२०८३ मा बनेपा नगरपालिकाको वार्षिक नीति, योजना, बजेट तथा कार्यक्रम अनुसार उपभोक्ता समिति मार्फत सम्झौता भई कार्यन्वयनमा रहेका योजनाहरूको म्याद असार २० गते सम्मका लागि थप गर्ने।

निर्णय नं. ६

बनेपा नगरपालिका क्षेत्रभित्र छरिएर रहेका खानेपानीका श्रोतहरूलाई एकीकृत गरी वितरण प्रणालीलाई प्रभावकारी र न्यायोचित बनाउन चाहिने आवश्यक ऐन, कार्यविधि तथा निर्देशिका तर्जुमा विधायन समितिहरू मार्फत गराउने।

निर्णय नं. ७

बनेपा नगरपालिका वडा नं. २ नगरकोट टावर क्षेत्रमा रहेका अव्यवस्थित टहरा तथा पसलहरू हटाउन नापी कार्यालय काभ्रेपलाञ्चोकसँग आवश्यक समन्वय गर्ने तथा बनेपा नगरपालिकाको सीमा क्षेत्रहरूमा क्षेत्र अंकित हुने गरी सूचना बोर्ड राख्ने।

निर्णय नं. ८

शैक्षिक सत्र २०८२ मा कार्यपालिका बैठकको निर्णय बमोजिम कक्षा स्थगन गरिएको श्री अरुणोदय आ.व. बनेपा-३ मा शैक्षिक सत्र २०८३ देखि पूर्व प्राथमिक कक्षा (ECD) सहित कक्षा १ सम्म सञ्चालन गर्ने तथा सो विद्यालयमा साविकमा कार्यरत कार्यालय सहयोगी श्री रामप्यारी दाहाललाई श्री शुभ चामुण्डा मा वि बनेपा-३ बाट सरूवा गरी उल्लिखित विद्यालयमा पदस्थापन गर्ने।

निर्णय नं. ९

बनेपा नगरपालिकाको प्रस्तावित नीति, योजना, कार्यक्रम तथा बजेट , आर्थिक विधेयक, २०८३ , विनियोजन विधेयक, २०८३, बनेपा नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३, १८ औं नगरसभामा पेश गर्ने प्रयोजनार्थ आगामी कार्यापालिका बैठक मिति २०८३ असार ०९ गते मङ्गलबार दिनको ३ बजे बस्ने ।

प्रमुख प्रशासकीय अधिकृत